प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकाम: बुटवल, नेपाल

फोन: ०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९
चलानी नं. :

## सीप विकास तालीम तथा वस्तुगत अनुदान सहयोग कार्यक्रममा सहभागी हुन लक्षित समूहका नागरिकहरुका लागि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/११/२४

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशका दाङ, बाँके र बर्दिया जिल्लाका स्थानीय तहहरुमा लक्षित समूह/समुदायमा (मुक्तकमैया, हलिया, कम्लरी, दलित, भूमिहिन, विपन्न) रहेका गरीब नागरिकको लागि सीप विकास तालीम तथा वस्तुगत अनुदान सहयोग कार्यक्रम सञ्चालन हुने भएकोले तपसिलको विषयको तालीममा सहभागी भई बस्तुगत अनुदान सहयोग समेत प्राप्त गर्न चाहने ईच्छुक व्यक्तिले लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ४ बमोजिमको मापदण्डभित्र पर्ने भनी सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस सहित कार्यविधिको अनुसूची-६ अनुसारको फाराम भरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। सम्बन्धित स्थानीय तहले लक्षित समूहले सीप विकासका लागि माग गरेको तालीमको विषय क्षेत्र अनुसार प्राथमिकताक्रमानुसार कार्यविधिको अनुसूची ७ बमोजिमको ढाँचामा सिफारिस सहित निवेदकहरुको सक्कलै निवेदन यस सूचनाको मिति समाप्त भएको मितिले ७ (सात) भित्र यस मन्त्रालयमा पठाई दिनुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण लक्षित समूह/समूदायमा रहेका गरिब नागरिकहरुका लागि सीप विकास तालिम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

तालिममा समावेश हुने विषयहरु:-

१. सिकर्मी तथा फर्निचर सम्बन्धी तालीम
२. डकर्मी तथा र रङ्गरोगन सम्बन्धी तालीम
३. प्लम्बर तथा हाउस वायरिङ्ग सम्बन्धी तालिम
४. कपाल काट्ने तालीम
५. कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालीम
६. हाँस/कुखुरा पालन तालीम
७. एसी तथा फ्रिज जडान तथा मर्मत तालीम

अनुसूची-६

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**लक्षित समूहले सीप विकास तालीम तथा वस्तुगत सहयोगका लागि स्थानीय तहमा पेश गर्ने फारामको ढाँचा**

फोटो

श्रीमान अध्यक्षज्यू,

................................. गाउँपालिका

.................................

**विषयः**-लक्षित समूह/समुदायमा आधारित सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सिफारिस गरी पा
भन्ने बारे।

महोदय,

उपरोक्त विषयमा म यस ................................. पालिका वडा नं.........श्री ................................. लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट सञ्चालन हुने लक्षित समूह/समुदाय रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन इच्छु भएको हुँदा तपसिल अनुसारको बिवरण सहित उक्त तालीममा सिफारिस गरी दिनुहुन विनम्र अनुरोध गर्दछु।

सहभागी हुन प्रस्ताव गरेको तालीमको नाम: (प्राथमिकता अनुसार तीन वटासम्म रोज्न सकिने)

(१) .................................

(२) .................................

(३) .................................

**क) व्यक्तिगत तथा पारिवारिक विवरणः**

१. नाम थर:

२. उमेर:

३. लिङ्ग

४. जन्म मिति:

५. नागरिकता नं:

६. शैक्षिक योग्यता:

७. वैवाहिक अवस्था:

८. पति/पत्नीको नाम थर:

९. बाबु/आमाको नाम थर :

१०. सम्पर्क मोबाईल नं :

११. स्थायी ठेगाना :

जिल्लाः

पालिकाः

वडा नं.

टोलः

१२. परिवारमा जम्मा सदस्य सङख्याः

०-१४ वर्षसम्मको सङख्या ........ १५-५९ वर्षसम्मको सङख्या .........

६० वर्ष माथिको सङख्या ...... अपाङ्गता भएको सङख्या ...........

**ख) परिवारको आर्थिक अवस्थाः**

१. परिवारको स्वामित्वमा जग्गाः छ/छैन

२. जग्गा भएमा जग्गाको क्षेत्रफलः ................रोपनी / कट्ठा

३. परिवारको स्वामित्वमा रहेको जग्गाको अनुमानित मूल्यः रु........................ (प्रचलित बजार मूल्य अनुसार)।

४. आफूले गरेको कृषि तथा पशुपछींजन्य उत्पादन तथा बिक्रीबाट वर्षभरी खानः ................. पुग्दछ/पुग्दैन।

५. पुग्दैन भने कति महिना पुग्दछः.............. महिना पुग्दछ।

६. परिवारका कुनै सदस्य वैदेशिक रोजगारीमाः छ/छैन

७. वैदेशिक रोजगारीमा भएमाः ............... जना र मासिक आम्दानी ............... रुपैयां

८. परिवारका सदस्यहरु अन्य रोजगारीमाः छन/छैनन्

९. रोजगारीमा भएमाः .............. पेशामा छन् र मासिक आम्दानी ............... रुपैयां

१०. घरको किसिमः पक्की (आर.सी.सी)/ कच्ची ( माटो, ढुङ्गा, टायल, जस्ता )/ झुपडी (खर, छवाली)

११. परिवारले कुनै ऋण लिएकोः छ/छैन

१२. ऋण लिएको भए कति लिएकोः रु.............

१३. कुन उद्देश्यका लागि लिएकोः .....................

**ग) यस अघि कुनै तालीम प्राप्त गरेको भए सो को विवरणः**

१. तालीमको नामः

२. तालीमको अवधिः

३. तालीम दिने संस्थाको नामः

**घ) अनुदान माग गर्नुका कारणः**

१. हालको पेशा तथा भावी योजना :

| क.स. | हाल गरिरहेका क्रियाकलाप | परिणाम | अनुदानबाट थप गर्ने क्रियाकलाप | परिणाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२. स्थानीय तह/प्रदेश/नेपाल सरकारबाट विगत २ वर्ष भित्र कुनै सुविधा पाएको/नपाएको

पाएको भए :

| क.स. | कार्यक्रमको विवरण | अनुदान प्राप्त गरेको निकाय | प्राप्त रकम रु. प्राप्त गरेको वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

माथि उल्लेख गरेका विवरण साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला।

.............................................

निवेदकको हस्ताक्षर

मितिः

सही छाप

| बायाँ | दायाँ |
|---|---|
| | |

नोटः माथि उल्लेखित विवरणका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र तालीम प्राप्त गरेको भए प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।